# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०७।०७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला पर्सा, नेपाल राष्ट्रिय आधारभूत विद्यालय, वीरगञ्ज महानगरपालिका वडा नं. ३१ बेहवा प्रसौनी पर्साका प्रधानाध्यापक सचिन्द्र कुमार कापर, सहायक प्रधानाध्यापक मनिर मियाँ, शिक्षक सुरेश महतो तथा विद्यालय व्यबस्थापन समितिका सदस्यद्वय जम्बिल मियाँ र इलियास मियाँ अन्सारीले करारमा शिक्षक नियुक्ति गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत रकम माग गरेको भन्ने सूचना एवम् उजुरीका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडाबाट खटिई गएको टोलीले निजहरू प्रधानाध्यापक सचिन्द्रकुमार कापर, सहायक प्रधानाध्यापक मनिर मियाँ, शिक्षक सुरेश महतो तथा विद्यालय व्यबस्थापन समितिका सदस्यद्वय जम्बिल मियाँ र इलियास मियाँ अन्सारीलाई सेवाग्राहीसँग रू.१,००,०००।-(रू. एक लाख) घुस वापतको रकम लिइसकेको अवस्थामा वीरगञ्ज महानगरपालिका वडा नं. ८ स्थित चियापसलबाट मिति २०७६।०५।२७ गते उक्त रकम सहित रङ्गेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा आधार प्रमाण र कारणहरुबाट करारमा शिक्षक नियुक्ती गरिदिने भनी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जमिल मियाँ अंसारी, सदस्यहरु ईलियास मियाँ अंसारी, जमिल मियाँ तथा सहायक प्रधानाध्यापक मनिर मियाँको निर्देशन, सल्लाह तथा सहमतिमा सेवाग्राहीबाट घुस/रिसवत रकम रु. १,००,०००।— (रु. एक लाखमात्र) लिइसकेको अवस्थामा निज सचिन्द्र कुमार कापरको साथबाट उक्त घुस रकम बरामद भएको अनुसन्धानबाट खुल्न आएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको प्रमाणित हुन आएकोले निज आरोपितहरु प्रधानाध्यापक सचिन्द्र कुमार कापर, सहायक सहायक प्रधानाध्यापक मनिर मियाँ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष जमिल मियाँ अंसारी (हाल फरार रहेका) तथा सदस्यहरु ईलियास मियाँ अंसारी र जमिल मियाँ (जना ५) लाई को बिगो रु. १,००,०००।— (रु. एक लाखमात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**